Received Date: Dec. 2022 Revised: Jan. 2023 Accepted: Feb. 2023

# सुशासनको प्रत्याभूति : पञ्चशीलको पूर्ण पालना

**अनिरुद्ध महर्जन**
एम.ए. (थेरवाद बुद्धिज्म्)
थेरवाद बुद्धिष्ट एकेडमी
**Email:** anirudha_maharjan@yahoo.com
**DOI:** https://doi.org/10.3126/hj.v14i1.52967

**लेखसार**

*शाक्यमुनि बुद्धबाट आजभन्दा २६०० बर्ष अगाडि राजाको काम कारवाहीबाट जनताले दुःख पाएको सन्दर्भमा शासन गर्ने जो कोहीले पनि नैतिक आचरणमा शुद्धता एवं काम कारवाहीमा जनताप्रति बफादार रही इमान्दारीपूर्वक राज्य सञ्चालन गर्नुपर्नेमा जोड दिएर पञ्चशीलको पालनाद्वारा राज्यमा सुव्यवस्था कायम भएको धर्मदेशना दिएका धेरै उदाहरणहरु त्रिपिटकमा भेटिन्छ । जवकी वर्तमान विश्वमा सुशासनको लागि अनेकौं प्रयास तथा थालनी भएका छन त अर्कोतर्फ विश्वमा झन एक पछि अर्को विसंगति तथा विकृतिले जकडिएर मानव समाजमा तनावको कुचक्रले सताईरहेका छन । यसै सन्दर्भमा वर्तमान विश्वका आधुनिक सुशासनको आठ अवयवहरु (सहभागिता, विधिको शासन, पारदर्शिता, जिम्मेवारीपन, सहमति उन्मुख, समता र समावेशी, प्रभावकारिता तथा निपुणता र जवाफदेहिता)लाई पञ्चशीलसँग तुलनात्मक विश्लेषण गरी त्यसको महत्वलाई समेत दर्शाई राज्यमा सुशासन तथा सुव्यवस्था कायम गर्न बुद्ध शिक्षाको महत्व रहेको यथार्ततालाई मध्यनजर राखी पञ्चशील मात्रको पालनाले पनि राज्यमा सुशासन कायम गरेका सन्दर्भ र ज्ञान वर्तमान अवस्थामा पनि उतिक्कै महत्त्वपूर्ण, सान्दर्भिक र उपयोगी रहेको छ भनी यो लेखले प्रकाश पार्न खोजिएको छ ।*

**शव्द कुब्जीका :** पञ्चशील, सुशासन र बुद्ध शिक्षा ।

## भूमिका

यस संसारमा अस्तित्वमा रहेका प्राणीहरुमा सर्वश्रेष्ठ प्राणी भएकोले मनुष्य भएर जन्मनु नै दुलर्भ मानिन्छ । (बज्राचार्य, वि.सं. २०५८) राम्रो/नराम्रो, कारण/अकारण, अर्थ/अनर्थ जान्ने हुनुको साथै पापमा मन रमाउने वा *पापस्मिं रमती मनो* (बज्राचार्य, वि.सं. २०५८, पृष्ठ १०९) ले आफ्नो स्वार्थको लागि मानिसले हुने नहुने, राम्रा नराम्रा, हित अहित जे पनि कार्य गर्न मानिसले सक्दछ । यसरी मानिसबाट गलत नियतले आफ्नो स्वार्थपूर्तीका लागि गरिने अपराध तथा भ्रष्टाचारजन्य क्रियाकलापबाट कलह एवं अशान्ति भई समाज वा राष्ट्रमा विसंगति र विकृतिले स्थान ग्रहण गर्छ । सत्य र न्यायको मृत्यु भई सभ्य, सुसंस्कृत तथा समृद्धितिर समाज वा राष्ट लम्कनुको सत्ता चरम नैतिक ऱ्हास भई मानव जीवन नै दर्दनाक, भयानक, कष्टदायी तथा पीडायुक्त हुन जान्छ । तसर्थ अपराध तथा भ्रष्टाचारजन्य क्रियाकलापबाट कलह एवं अशान्ति भई समाज वा राष्ट्र विसंगति र विकृतिबाट ग्रसित हुन्छ । त्यस किसिमको विकृति वा विसंगतिबाट मुक्त एवं सत्य र न्यायको खातिर मानव सभ्यताको विकाससँगै विधिको विकास हुँदै शासनको अवधारणा सुरु हुँदै वर्तमान सुशासनसम्म विकास भएको देखिन्छ ।

सामान्य अर्थमा सुशासन भनेको राम्रो शासन वा असल शासन हो । शासनलाई अझ व्यवहारिक, वस्तुपरक र जनमुखी तवरले व्यवहारमा उतार्न असल शासन पद्धतिको अवलम्बन गरिनु पर्दछ, जसलाई "सु"विशेषण दिइएको छ । (गैसस सुशासन स्रोत पुस्तिका, २०१४) त्यस्तै पालि भाषामा सुशासनलाई धम्मप्पाससना भनिन्छ । धम्म भनेको स्वभाव वा आचरण वा सही मार्ग हो । पाससनाको अर्थ शासन हो । सहि रूपले वा धर्मानुसार शासन गर्नु नै सुशासन हो । (Barua and Barua, 2019) राज्यमा शासन ब्यवस्था राम्रो भएमा सुख र समृद्धि कायम हुन्छ । जनताले सुखसाथ जीवन निर्वाह गर्न सक्छ । सुख र समृद्धि कायम रहेको शासन व्यवस्थालाई नै सुशासन भनिएको हो । वर्तमान विश्वमा सुशासन शब्द धेरै प्रचलित भएका छन् भने बृद्ध शिक्षामा रहेका पञ्चशीलको महत्व पनि उत्तिकै प्रचलित छन् । तसर्थ राष्ट्रको समृद्धी, समुन्नतिको लागि बुद्ध शिक्षामा रहेको पञ्चशीलले वर्तमान विश्वको सन्दर्भमा सुशासन कायम गर्न कतिको महत्व,

सान्दर्भिक र उपयोगीसिद्ध रहेको छ भनि अध्ययन गर्नु अपरिहार्यता देखिन्छ।

**अध्ययनको विधि तथा उद्देश्य**

यो लेखमा विवरणात्मक तथा विश्लेषणात्मक विधिलाई अपनाएको छ । यस अध्ययनको लागि प्राथमिक स्रोतको पालि साहित्यका नेपाली अनुवाद पुस्तकहरुको अध्ययनबाट प्राप्त सूचनाहरू र द्वितिय स्रोतको रुपमा बुद्ध शिक्षा तथा सुशासनसँग सम्बन्धित लेख, रचना, प्रतिवेदन, पुस्तकहरु तथा विद्युतिय सामाग्रीको तथ्याङ्कहरू रहेका छन । म/मेरो भनी मनुष्यको क्षणिक स्वार्थको कारण वर्तमान विश्वमा सुशासनको अभावमा मानवसिर्जित अनेकौ विसंगति तथा विकृतिले विकरालपूर्ण परिस्थिति निम्त्याईरहेको अवस्थामा २६०० वर्ष अगाडि शाक्यमुनि बुद्धद्वारा देसित राजनीतिक, आर्थिक, सामाजिक नैतिक क्षेत्रसँग सम्बन्धित थुप्रै धर्मदेशना मध्ये पञ्चशीलको पालनाको अपरिहार्यता महसुस गराईरहेको छ। पञ्चशीलको पालनाले मात्र पनि मानवसिर्जित सबै प्रकारका विसंगति तथा विकृतिको निर्मूल हुने वास्तविकतालाई हृदयगंम गर्नको खातिर यसको महत्व सान्दर्भिकतालाई व्यवहारमा उतार्न सकेमा सुशासन कायम हुन्छ भने प्रकाश पार्नु नै यस लेखको उद्देश्य रहेको छ।

**आधुनिक सुशासन**

आधुनिक युगमा राज्य प्रणालीको सफलता मानव विकाससँग जोडिएको हुन्छ । मानव मात्रको सुख, शान्ति र सुरक्षाको प्रत्याभूति भई देशको समृद्धि र उन्नती गर्न शासन पद्धति यथार्त धरातलमा रही न्यायपूर्ण, समतामूलक र जनमूखि हुनु पर्दछ। राज्यका काम कार्वाही एवम निर्णय प्रक्रिया तथा कार्यान्वयन तहसम्म नै शासन पद्धतिलाई जनहितसँग गाँस्दै लग्नु पर्ने देखिन्छ । वर्तमान अवस्थामा सुशासन शब्द अत्यन्त प्रचलित तथा लोकप्रिय भई हरक्षेत्रमा स्थापित भएको छ। राज्य सञ्चालन विधि एवम् विकास निर्माणको लागि योजना तर्जुमा प्रक्रिया देखि कार्यान्वयनसम्म नै यसको अभ्यास गरिंदै आएको छ भने विभिन्न संघ संस्था नियोगहरूले समेत विभिन्न कोणबाट यसको प्रयोग तथा अभ्यास गरिंदै आएको देखिन्छ।

यसरी शब्द तथा प्रयोग र अभ्यासमा स्पष्ट रूपमा सुशासन नै भनेर प्रकाशित नभएता पनि विभिन्न रूपले शासन पद्धतिलाई आधुनिक युग सुहाउँदो ढंगले प्रस्तुत हुने प्रयासहरू हुँदै आएको यथार्थतालाई नकार्न सकिंदैन । यहि क्रममा सर्वप्रथम विश्व बैंकका पूर्व अध्यक्ष बार्बर कोनावल (१९८६–१९९१) ले निपूण सार्वजनिक सेवा, भरपर्दो न्याय प्रणाली र जनतासँग उत्तरदायी प्रशासनसँग सुशासन शब्द सम्बन्धित हुन्छ भनी प्रयोगमा ल्याएका थिए। (Tripathi, 2017)

यसलाई विश्व बैंकले सन् १९९२ को प्रकाशनमा विकासको लागि देशको आर्थिक र सामाजिक स्रोतहरूको व्यवस्थापन गर्न शक्तिको अभ्यास गरिने विधिलाई सुशासन हो भनी परिभाषित गरियो । (*Governance and Development*, 1992) सुशासनको संघारमा परिभाषा भनेको "अधिकारको अभ्यास, सरकारको शक्ति, व्यवस्थापन, नियन्त्रण"हो। (*Governance and Development*, 1992) यसैगरी बैंकको सो पुस्तकमा बैंकको अधिकारसँग मिल्ने गरी चारवटा क्षेत्र जुन सार्वजनिक क्षेत्र व्यवस्थापन, उत्तरदायित्व, विकासको लागि कानूनी ढाँचा र सूचना र पारदर्शी भनी पहिचान गरियो। (*Governance and Development*, 1992)

त्यसैगरी सुशासनलाई परिभाषित गर्दै संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (यू.एन.डि.पी.) ले राष्ट्रको मामिलामा सबै तहको व्यवस्थापनमा राजनैतिक, आर्थिक र प्रशासनिक अधिकारको अभ्यास नै शासन भनियो। (Governance for sustainable Human Development, 1997) आर्थिक शासनमा राज्यका आर्थिक क्रियाकलाप र अरू आर्थिक क्षेत्रहरूमा असर गर्ने निर्णय तर्जुमा रहन्छ। राजनैतिक शासनमा नीति तथा निर्णयहरू, निर्माणमा निर्णय गर्ने रहन्छ भने प्रशासनिक शासनमा नीति निर्णय कार्यान्वयन प्रणाली रहन्छ।

प्रक्रिया र सञ्चालन हुन जसले राजनैतिक तथा सामाजिक सम्बन्धलाई निर्देशित गर्दछ भनी माथिका तीनवटै रूपलाई नै सुशासन भनी परिभाषित गरियो । राज्य काम कार्वाही एवम् निर्णय प्रक्रिया तथा कार्यान्वयन तहसम्म नै सहभागिता, विधिको शासन, पारदर्शिता, जिम्मेवारीपन, सहमति उन्मुख, समता र समावेशी, प्रभावकारिता तथा निपूणता र जवाफदेहिता जस्ता आठवटा मुख्य तत्वहरूलाई अंगिकार गरेमा सुशासन कायम रहन्छ भनी जोड दिए। (UNESCAP n.d.)

**१. सहभागिता**

सहमागिता सुशासनको राजनैतिक आकार हो । समाज विकास प्रक्रियामा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता अत्यावश्यक हुन्छ। (Nag, 2018) राज्यको नीति निर्माण प्रक्रिया देखि कार्यान्वयन तहसम्म कुनै पक्षपात तथा भेदभाव बिना सबै लिङ्ग,

जातजाति, धर्मालम्वी, क्षेत्र समुदायबाट सहभागिता हुनुपर्ने देखिन्छ । आफूसँग सरोकार तथा प्रभावित हुने कार्य तथा नीति निर्णयमा सहभागी हुनु जनताको अधिकार हो । यसरी सहभागितालाई निश्पक्ष तवरले लागू गर्न सकेमा जनताको समर्थन हुनुका साथै काम कार्वाहीमा असन्तुलन रहँदैन । नीति निर्णयदेखि विकास निर्माणको कार्यमा समेत अपनत्व स्थापित भई सहयोगको भावनाको बिकास हुन्छ ।

**२. पारदर्शिता**

राज्यको नीति निर्णय तहदेखि कार्यान्वयनसम्म नै नागरिकको पहुँचलाई सुनिश्चित गर्नु सुशासनको महत्वपूर्ण पातो हो । नागरिकलाई सार्वजनिक निर्णय तथा महत्वका विषयमा सुसूचित हुने अवस्थामा कुनै विषय गोप्य नहुने अवस्था तथा सरकारले नागरिकको हित र कल्याणका लागि के काम गर्दैछ भनेर जान्ने अधिकार रहेका अवस्थालाई पारदर्शि भनिन्छ । (गैसस सुशासन स्रोत पुस्तिका, २०१४, पृष्ठ ४) राज्यको क्रियाकलापमा रहेको अपारदर्शिता नै जनतामा असन्तुष्टि, विरोध तथा अन्य विध्वंसकारी आक्रोश निम्त्याउने कारक तत्व हुन जान्छ । भ्रष्टाचारजन्य क्रियाकलाप बढनु, दण्डहिनता बढनु, न्यायको प्रत्याभूतिको अनुभूति नहुनु आदि कारणबाट राज्यमा जनताको विरोध तथा असन्तोषको गन्ध संमेत नआओस भनी पारदर्शितालाई महत्वका साथ सुशासनको प्रमुख कडीको रूपमा लिई यसको अभ्यास गरिएको हुन्छ ।

**३. विधिको शासन**

राज्यको सुशासनको लागि कानूनलाई पक्षपातरहित ढंगले प्रयोग गर्नु पर्दछ । सुशासनको स्वच्छ कानूनी आधारशिला आवश्यक हुन्छ जुन पक्षपातरहित ढंगबाट लागू हुनुपर्दछ । (UNESCAP, n.d. 2) राज्यशक्तिको प्रयोग गर्ने निकाय वा पदाधिकारीले कानूनको अधिनमा रही आचरण, व्यवहार र क्रियाकलाप सञ्चालन गर्ने पद्धति कानून वा विधिको शासन हो । (गैसस सुशासन स्रोत पुस्तिका, २०१४, पृ. ५) राज्यको सुशासनको लागि नैतिक चरित्रको साथै नैतिक आचरण र व्यवहारको आवश्यकता हुन्छ । विकृति र अपराधजन्य क्रियाकलापसंग सम्बन्धित पक्षमा पनि दण्ड सजायको नियम हुन्छ । त्यस नियमको पालना गर्नु सबै नागरिकको कर्तव्य हुन जान्छ । अन्यथा कानून बमोजिम दण्ड तथा कार्वाहीको भाग्यदार हुन जान्छ । सबै नागरिकको लागि कानून समान हुनु पर्दछ । सबैले न्यायोचित ढंगबाट कानूनी उपचार पाउनु पर्दछ । राज्यमा सुशासनको लागि नभई नहुने महत्वपूर्ण पातो भनेको विधिको शासन हो ।

**४. जिम्मेवारीपन**

राष्ट्रको जिम्मेवार पद धारण गरेपछि पदीय मर्यादा कायम गरी त्यहि अनुरूप आफ्नो कार्य तथा जिम्मेवारी समयमा नै पूरा गर्नुपर्ने हुन्छ । यदि समयमा नै कार्य सम्पादन नभएमा जनतामा रोष तथा असन्तुष्टि बृद्धि हुन गई पद तथा संस्थाप्रति नै जनताको विश्वासनियता गुम्ने खतरा सिर्जना हुन सक्छ । अनियमितता, ढिलासुस्ती हुनको अलावा अन्य भ्रष्टाचारजन्य कार्य हुने सम्भावना रहनुका साथै सेवाग्राही तथा जनतामा शंका पैदा गर्ने ठाउँ रहन जान्छ । "यस अर्थमा सेवा प्रदान प्रणालीलाई तोकिएको समयमा नै कार्य सम्पादन गर्नुपर्ने भएकोले समय र अवधिलाईं प्रधानता दिई सुनिश्चित गर्नु पर्दछ । (Nag, 2018, 128) देशमा सुशासन कायम गर्न सेवा प्रदान प्रणाली चुस्त, दुरूस्त राख्दै समय सीमाभित्र नै सेवा दिई कार्य सम्पादन गरेमा सेवाग्राही एवम् जनताको असन्तुष्टिको सामना पनि गर्नु पर्दैन ।

**५. सहमति उन्मुख**

समाजमा रहेका फरक क्षेत्र, वर्ग, वर्ण, लिङ्गको कारणले नीति निर्णयहरूदेखि विकास निर्माणको कार्यान्वयन तहसम्म नै स्वार्थ बाझिने भएबाट समाजमा द्वन्द्व सिर्जना भई राज्यमा अशान्ति नहोस भने हेतुले सबैको चाहना र मागलाई न्यायपूर्ण तवरले सम्बोधन गर्नका खातिर समाजमा व्याप्त विभेदको अन्त्य गरी सहमति उन्मुख दिशामा जानु नितान्त आवश्यक देखिन्छ । जहाँ सहमति उन्मुख तिर समाज अगाडी बढ्छ त्यहाँ हर क्षेत्र र तहमा नीति निर्णय देखि कार्यान्वयन तहसम्म नै काम कार्वाही सूचारू ढंगले विबाद रहित भई अगाडि बढ्छ । सहमति स्वरूपको निर्णय तर्जुमा भनेको त्यस्तो निर्णय प्रक्रिया हो जसले सबै सहभागिहरूको सहमति मात्र नखोजि पिछडिएका तथा अल्पसंख्यक वर्गको बिरोध तथा असन्तुष्टिलाई न्यून र समाधान गरी सहमतिय निर्णय गरी उपलब्धि हासिल गर्ने हुन्छ । (Nag, 2018, 129)

**६. उत्तरदायित्व**

सार्वजनिक सरोकारको विषयमा सार्वजनिक पद धारण गर्ने व्यक्तिले आफ्नो कार्यको बारेमा सार्वजनिक जवाफ दिनु नै जवाफदेहिता हो । (गैसस सुशासन स्रोत पुस्तिका, २०१४, पृष्ठ ४) उत्तरदायित्व सुशासनको आधारभूत आवश्यकता हो । हरेक निर्णयका

पछि परिणाम हुन्छ र निर्णयकर्ताले सो निर्णयबाट आउने परिणामको जवाफ दिने, व्याख्या गर्ने र जवाफदेहि हुनुपर्दछ। (Kahar and Nath, 2018, P. 2)

जनताको विश्वास जिम्मेवार पद तथा संस्थाको उत्तरदायित्वमा निर्भर हुन्छ। जहाँ उत्तरदायित्व वहनमा कमजोरी हुन्छ त्यहाँ नैतिक प्रश्न खडा भई जन विश्वासमा प्रश्न चिन्ह खडा हुन्छ। त्यस बेला पदीय आचरण एवम् हैसियतमा दखल पर्दछ। संस्थामाथि अविश्वास सिर्जना हुन्छ। यसरी राज्यको काम कार्वाहि नीति, निर्णय एवम् विकास निर्माणका योजना तर्जुमादेखि कार्यान्वयन तहसम्ममा नै जिम्मेवार व्यक्तिको उत्तरदायित्व बहनको ठूलो महत्व रहेको देखिन्छ। यस अर्थमा उत्तरदायित्वलाई विधिको कानून र पारदर्शिता बिना लागू गर्न सकिंदैन। (UNESCAP, 3)

**७. प्रभावकारिता र निपुणता**

कार्य तथा प्रक्रिया पछिको नतिजाले जनताको इच्छा र मागलाई सम्बोधन गरेको हुनु पर्दछ। योजनाको लक्ष्य तथा उद्देश्यलाई अधिकतम् रूपमा पूरा गर्न उचित स्रोत र साधनको प्रयोग गरी सकारात्मक अनुभूति दिनु नै प्रभावकारिता र निपुणता हो। कार्य र प्रक्रियामा प्रभावकारिता र निपुणता भएमा लक्ष्य निर्धारण बमोजिम जनताको माग र इच्छाको सम्बोधन भएको हुन्छ। जसबाट जनताले पुर्ण सन्तुष्टिको श्वास फेर्छ। प्रक्रिया र संस्थाले ल्याउने परिणामले समाजको आवश्यकतालाई परिपूर्ति गर्नु पर्दछ। जहाँ स्रोतको उत्कृष्ट प्रयोगलाई परिचालन गरिनु नै सुशासन हो। (UNESCAP,3) यसरी सुशासन कायम राख्न कार्य प्रतिको प्रभाकारिता र निपूणताले धेरै भूमिका खेल्छ।

**८. समता र समावेशिता**

सुशासनका लागि समाज तथा समुदायमा रहेका पिछडिएका वर्ग, लिङ्ग तथा विभिन्न अल्पसंख्यक जनतालाई अवसर र अधिकारको प्रत्याभूति दिनको लागि नीति, निर्णय तह देखि कार्यान्वयन तहसम्ममा नै प्रक्रियागत रूपमा समतामूलक ढंगले उपयुक्त प्राथमिकताको आधारमा तिनीहरूको समावेशिताको अपरिहार्य हुन्छ। अवसरबाट बञ्चित वर्ग, समुदाय तथा क्षेत्रलाई अरू सरह समानस्तरमा ल्याउनका लागि राज्यद्वारा तय गरिएको नीतिगत व्यवस्था र पद्धति नै समता हो। यसमा सकारात्मक लैङ्गिक विभेद र समाबेशिकरणको नीति, प्रक्रिया र अभ्यास गरिएको हुन्छ। (गैसस सुशासन स्रोत पुस्तिका, २०१४, पृ. ५) यसर्थ सुशासन कायम गर्न उल्लेखित आठ अवयवहरुलाई मध्यनजर राखि राज्यको काम कार्वाही एवम् निर्णय प्रक्रिया तथा कार्यान्वयन पक्षलाई अभ्यास गर्नु पर्दछ।

**पञ्चशील**

शील भनेको राम्रो आचरणको लागि नभई नहुने व्यवहार हो। शीलको साधारण अर्थ सदाचार हो। काय् र वाक सुशिक्षित हुनुलाई शील भनिन्छ। यस अर्थमा सारा निर्दोष गुणरूपी शरीरको टाउको भएको वा भावलाई शील भनिएको हो। (शाक्य, वि.सं. २०७६, पृ. २४) शरिर र वचनलाई सुशिक्षित गरी कुशल धर्मको भरोसा हुने र शरण स्थल हुने उपधारण अर्थमा पनि शील शब्द प्रयोग हुन्छ। त्यसैले शील पुरै असल गुण धर्मको जरा हो : बोट हो। (भिक्षु ज्ञान पुर्णिक (अनु.), वि.सं. २०३६, पृष्ठ ग) शील चारित्रशील तथा वारित्रशील गरी दुई प्रकारका छन्। पालना गरी पूर्ण हुने वा श्रद्धापूर्ण भएर गरिने चारित्र शील हो। श्रद्धाले आरक्षण गर्न नहुने छोडिदिनु पर्ने वा विरतितर्फ पूर्ण हुने वारित्र शील हो। चारित्र शील पालना आफ्नो आत्मा गौरवले स्वच्छाले गर्नु पर्दछ मात्र कसैले भनेको कारणले होइन। (आचार्य भिक्षु कुमार काश्यप, वि.सं. २०६०, पृ. ५६।)

दश पारमिता, दश राजधर्म, दश पुण्यक्रिया, कुसल कर्म, सप्त आर्यधन, सप्त विसुद्धि मार्ग, आर्य अष्टाङ्ग मार्ग लगायतको बुद्ध शिक्षामा शीलको स्थान उच्च रहेको छ। (अनुसूची १ मा दिइएको छ) बुद्ध शिक्षामा धेरै सुनिएको र प्रार्थना गर्ने गरिएको शील मध्ये पञ्चशील वारित्र शीलमा पर्दछ। विशेषत गृहस्थीहरूको आचरण (बज्राचार्य (अनु.), वि.सं. २०७०) परिशुद्धको लागि नभई नहुने वारित्रशीलको रूपमा पञ्चशीललाई लिएको छ। यसको पालना गर्नु मानवको न्यूनतम व्यवहार हो। यसैलाई मध्यनजर राखि दोस्रो विश्वयुद्ध पश्चात विश्वमा देखापरिरहेको शीतयुद्ध कालिन तनाव, बैमनस्य तथा शक्ति राष्ट्रहरु प्रति ध्रुविकरणको परिवेक्षमा सन् २९ अप्रिल १९५४ मा तत्कालिन चीनका प्रधानमन्त्री चाउ एन लाई र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरु बीच एक आपसमा पारस्परिक विश्वास र सहयोगको भावना अनुरुप बेइजिङ्गमा सम्झौता भएको थियो। जसलाई पञ्चशीलको सिद्धान्तको रुपमा चिनिन्छ। केहि दिन पछि नै कोलम्बोमा एशियालि राष्ट्रहरुको प्रधानमन्त्री स्तरीय बैठकमा प्रस्तुत गरियो। सन् १९५५ मा इन्डोनेशियाको वाङ्गडुङ्गमा असंलग्न

राष्ट्रहरुको आन्दोलनको बैठकले समेत अवलम्बन गरेपश्चात् यसको महत्व तथा प्रचारले व्यापकता पायो । महानाम सुत्तमा उपासकबाट पञ्चशीलको पालना भएमा शील सम्पन्न हुन्छ भनि धम्म देशना दिनु भएको थियो । (बज्राचार्य (अनु./ सं), वि.सं. २०५५)

शाक्यमुनि बुद्धद्वारा बुद्धत्व लाभ पश्चात अरहत लाभ प्राप्त ६१ जना भिक्षुहरु संघमा आवद्ध भएसँगै बुद्धबाट चरथ भिक्खवे चारिकंको सम्बोधन गर्दै बहुजन हिताय, बहुजन सुखायको लागि ४५ वर्षसम्म अनरवत रूपमा धम्म देशना भयो । यसै क्रममा बुद्ध शिक्षामा विभिन्न प्रसंग तथा घटनाक्रममा पञ्चशीलको महत्व जोडि मानिसको नैतिक चारित्रिक परिशुद्धताबाट नै समाज र राष्ट्रको हित तथा कल्याण हुने मार्गबारे बुद्धबाट थुप्रै धम्म देशना दिईएको थियो । धम्म देशना गर्ने क्रममा पञ्चशीललाई वारित्र शील, पञ्चशील, पञ्च शिक्षापद, चक्रवर्ति नियम, गरु धम्म, आर्य धम्म, गृहस्थ शील, नित्य शील, आर्य कान्त शीलको नामबाट सम्बोधन गरीएको प्रसंग त्रिपिटकमा पाइन्छ । (भिक्षु ज्ञान पुर्णिक (अनु.), वि.सं. २०३६) अत सबैले सबैको हितमा आधारित पञ्चशीलबारे पञ्चसील सुत्तमा (बज्राचार्य (अनु./ सं.), वि.सं. २०३५) निम्न अनुसार उल्लेख गरिएका छन् ।

१) प्राणी हिंसाबाट विरत हुने
२) नदिएको नलिने (चोरी ठगीबाट अलग हुने)
३) व्यभिचारबाट अलग हुने
४) झुठो कुराबाट अलग हुने
५) सुरापान आदि नशालु पदार्थबाट अलग हुने ।

माथि उल्लेखित शीलहरुलाई देहाय अनुसार व्याख्या गर्न सकिन्छ ।

**१. प्राणी हिंसाबाट विरत हुने**

संसारमा रहेका सबै सत्व प्राणीहरुको हत्या नगर्ने भनी प्रण गरी कुनै प्रकारको हत्या हिंसा वा त्यससँग सम्बन्धित सबै प्रकारका चोट तथा आघातलाई निषेध गरिएको हुन्छ । मानव जीवनमा कसैलाई चोट पुरयाउनु, अपमान गर्नु, गाली गर्नु, कुटनु जस्ता द्वेषपूर्ण कार्यहरुबाट अगल हुने आचरण पनि यो शीलको पालना गर्नु हो । नरिसाउने, खराब इच्छा नहुने, द्वेष तथा अरूप्रति बैरभाव नहुनु जस्ता अक्रोधको आचरणले सुसम्पन्न हुनु नै पञ्चशीलको पहिलो शीलको पूर्णपालना हो । । यस शीलले सबै सत्व प्राणी प्रति मैत्री भावना तथा करुणा जगाउँछ ।

**२. नदिएको नलिने (चोरी, ठगीबाट अलग हुने)**

अर्काको कुनै पनि प्रकारको वस्तु वा सम्पतिप्रति लोभ रहित जीवन जीउनु नै यसको पालना गर्नु हो । अर्काको धन, सम्पत्ती वा वस्तुको चोरी नगर्ने, ठगी नगर्ने, करकाप वा जबरजस्तीपूर्ण ढंगले कब्जा नगर्ने वा लुटने तथा डकैटीजन्य क्रियाकलापबाट टाढा बस्ने, घुस नलिने जस्ता पक्षहरु यस शीलमा अन्तरनिहित हुन्छ । यस अर्थमा लोभलाई त्याग गरि अर्काको सम्पत्तिको अधिकारलाई सम्मान गर्ने पक्ष रहेको छ । यस शील धारणा गर्नेले आफ्नै शिप र श्रममा विश्वास गरी मेहनत तथा नैतिकता र इमान्दारीतालाई उच्च प्राथमिकतामा राखी आत्म निर्भर रहने स्वभावको विकास गर्छ । आफ्नो स्वार्थको लागि अरुलाई हानी, कुभलो या नोक्सान हुने कार्यलाई निस्तेज गरिएको हुन्छ ।

**३. व्यभिचारबाट अलग हुने**

नैतिक मूल्य मान्यता विपरित यौनदूराचार वा यौन अपराधमा संलग्न नहुने शिक्षा पद हो । इन्द्रीयलाई संयम गरिकन कसैप्रति पनि यौन हिंसा, अपराध, दूराचार, बलात्कार जस्ता क्रियाकलाप नगर्ने नै यो शीलको पक्ष हो । यस शीलको पालनाले लैगिक सदभाव तथा सम्मानको पालना गर्न तथा यौनजन्य गलत क्रियाकलापमा नलागी आदर्श नैतिक चरित्र स्थापित गर्न प्रेरित गरिएको हुन्छ ।

**४. झूठो कुराबाट अलग हुने**

आफ्नो स्वार्थ परिपूर्तिको लागि बनि बुनाई अर्काको हानी हुने गरी झुठो कुरा गर्ने प्रवृतिलाई निस्तेज गरिएको यस शीलको पालनाले समाजमा विश्वास, मैत्री, सद्भाव कायम हुन्छ । यस शिक्षाले अर्काको चुकली गर्ने, कडा बचत बोल्ने, अनावश्यक कुरा गरी समय विताउने जस्ता झुठो कुरा बोल्ने प्रवृति एवं क्रियाकलापलाई पूर्णरुपले निषेध गरिएको हुन्छ । सत्य, न्याय र यथार्थलाई स्थापित गरिएको हुन्छ । यसको पालनाले अर्काको हानी हुने कुनै प्रकारको झुठा एवं गलत नियतबाट हुने कार्यलाई पूर्णरुपले वर्जित गरिएको हुन्छ । कसैलाई

झुक्याउने, झुलाउने, दुवाउने, ठग्ने, विगार्ने गलत सल्लाह दिने जस्ता कार्यहरु हुँदैन।

**५. सुरापान आदि नशालु पदार्थबाट अलग हुने**

आफ्नो इन्द्रियलाई असन्तुलन, बेहोस तथा असंयमित पारी नैतिक, शारीरिक, सामाजिक तथा आर्थिक पक्षमा समेत ह्रास ल्याउने क्रियाकलापलाई उत्प्रेरित गर्ने यस प्रकारको मादक पदार्थको सेवनलाई निषेध गर्नु यसको उद्देश्य हो। मनलाई स्पष्टरुपले संयम राख्नु पर्दछ भन्ने यसको मर्म हो। पञ्चशील ग्रहण गर्ने शिक्षालाई जीवनको हरेक पलमा लागू गर्न सकेमा समाजमा मैत्री, करूणा जाग्छ। कुनै प्रकारको चोरी, ठगी, डकैति, लुटपाट झै–झगडा, हुलदंगा, हिंसा, बलात्कारजन्य घटना हुँदैन। आफ्नो फाइदाको लागि झूठो खेती तथा चुकलीको गन्ध नै रहन्न र समाजमा नैतिक ह्रास ल्याउने मादक पदार्थको प्रयोग नै हुदैन। घुसखोरी, ठगी धन्दा मारकाट, चोरी डकैति लुटपाट बलात्कार जस्ता अपराध र भ्रष्टाचारबाट मुक्त नैतिक सुचरित्रले परिपूर्ण मानव सभ्यताको उच्च स्थानमा रहेको सुन्दर शान्त समाजको निर्माण हुन्छ।

पञ्चशीलको ग्रहणले देश तथा राज्यमा विश्वास, मैत्री तथा करूणा फैलिन्छ। साथै यसबाट पाँच सकारात्मक परिणाम र फल वा आनृशंस (गुण) प्राप्त हुन्छ। शील सम्पन्न व्यक्तिहरूको आनृशंस यस प्रकार छ। (बज्राचार्य, (अनु./ सं), वि.सं. २०५६, पृ. ५१८।)

१) ठूलो भोग सम्पत्ति लाभ हुन्छ।
२) कल्याण कीर्ति शब्द फैलिन्छ।
३) जुनसुकै ठाउँमा गए पनि विशारद भई चुप नलागि उपस्थिति हुन्छ, निर्भिक हुन्छ।
४) संमूस भई मृत्यु हुन्छ। (होस पूर्वक मृत्यु हुन्छ)
५) मृत्यु पछि स्वर्ग लोकमा उत्पन्न हुन्छ।

शीलवान वा शील सम्पन्न व्यक्तिहरू भएमा समाज वा राष्ट्र सभ्य, सुसस्कृत, शान्त, आनन्ददायी भई जनताको जीवन सुन्दर र सहज हुन्छ। जीवनमा शील रहित भएर सय वर्ष बाँच्नु भन्दा शीलवान भएर एक दिन बाँच्नु अति उत्तम हुन्छ। जीवन सार्थक हुन्छ। (बज्राचार्य, वि.सं. २०५८, पृ. १०१)

**पञ्चशील र वर्तमान सुशासन बीच तुलनात्मक सम्बन्ध**

वर्तमान युगमा देखा परेका समस्याको निराकरण वा गरिबी उन्मुलन गरी जनता र समाजको उत्थानको लागि राज्य व्यवस्थामा सुशासन कायम गर्न ८ वटा सुशासनका अवयवहरू (सहभागिता, पारदर्शिता, विधिको शासन ,जिम्मेवारीपन, सहमति उन्मुख, समता र समावेशी, प्रभावकारिता तथा निपुणता र जवाफदेहिता) र २६०० वर्ष अगाडि तत्कालिन महाजनपद, जनपद, महानगर तथा नगरहरूका जनता र समाजको सुव्यवस्थाको लागि बुद्धबाट देशना भएका पञ्चशील बीचमा के सम्बन्ध छ भनी निम्नानुसार विश्लेषण गरी प्रकाश पारिएको छ।

**१. पञ्चशील र सहभागिता**

प्राणी हिंसाबाट विरत हुने शीलले अविहिंसा र अक्रोध बृद्धि भै रिसाउने, खराब इच्छा हुने, द्वेष तथा अरूप्रति बैरभावपूर्ण चरित्रलाई प्रहाण गरी एक आपसमा विश्वास तथा सदभाव सहितको मैत्री र अबिरोधी भावनाको बिकास हुने गदर्छ। वुद्धको शिक्षा र अभ्यासमा सबै मनुष्य समान हुन्छ। त्यहा कुनै वर्ग, तप्का, जाती, रङ्ग, लिङ्ग, पेशा, वर्णको आधारमा भेद रहेको पाईदैन। नदिएको नलिने शीलले लोभ चरित्रलाई निस्तेज गरी दान तथा करुणा भाव उत्पति गदर्छ। झुठो नबोल्ने शीलले सत्यलाई अंगिकार गर्ने भएबाट हरेक प्रकारका षडयन्त्रलाई प्रहाण गरीएको हुन्छ। उल्लेखित शीलको पूर्णताबाट मानिसमा रहेको राग , द्वेष, मोहबाट सिर्जित हुने सबै प्रकारका षडयन्त्र एवं स्वार्थलाई त्याग गरीएको हुन्छ। जो कोही पनि संघमा समावेश हुनको लागि शीलको शिक्षापद पहिलो आधार हुने भएकोले शील सम्पन्न समाज वा राष्टमा कुनै किसिमको पूर्वाग्रह, आग्रह, भेदभाव लगायतका हिंसायुक्त वातावरण हुँदैन। तसर्थ पञ्चशीलको पक्षले वर्तमानको सुशासनको अवयव मध्ये एक सहभागितालाई स्वत: अंगिकार गरिएको प्रष्ट देखिन्छ।

**२. पञ्चशील र पारदर्शिता**

शीलले निर्दोष एवम् नैतिकवानको लागि आचरण शुद्धिकरणमा जोड दिई शुद्धता एवम् इमानदारिता कायम गर्दछ। नदिएको

नलिने शीलले लोभ चरीत्रको गुन्जायस नै नरहने भएको हुनाले भ्रष्टाचारजन्य क्रियाकलापको स्वत: अन्त भएको हुन्छ। झुठो नबोल्ने शीलमा सत्यता कायम रहने भएबाट कुनै प्रकारका षडयन्त्र र लुकाछिपीको गन्ध नै रहन्दैन । यस अर्थमा पञ्चशीलको उपस्थितिले पारदर्शिता कायम गर्न कुनै कसर बाँकी रह्दैन ।

**३. पञ्चशील र विधिको शासन**

जहाँ शील हुन्छ, त्यहाँ नैतिकता हुन्छ । शीलको पूर्ण पालनाबाट भ्रष्टाचार, ठगी, चोरी, हिसा, बलात्कार लगायत अपराधजन्य तथा बेहोसीपूर्ण क्रियाकलाप हुन दिदैन । शीलले सबैलाई सचेत र सतर्क गरी नैतिकवान बनाइ राखेको हुन्छ । वर्तमान अवस्थाको कानून र आचरण भन्नु नै शीलमा निहित छ । तसर्थ पञ्चशीलको पूर्ण पालना गर्नु नै विधिको शासन कायम हुनु हो ।

**४. पञ्चशील र जिम्मेवारी बहन**

प्राणी हिंसाबाट विरत हुने शीलले अविहिंसा र अक्रोध बृद्धि भै रिसाउने, खराब इच्छा हुने, द्वेष तथा अरूप्रति बैरभावपूर्ण चरित्रलाई प्रहाण गरी एक आपसमा विश्वास तथा सदभाव सहितको मैत्री र अबिरोधी भावना, नदिएको नलिने शीलले लोभ चरीत्रको गुन्जायस नै नरहने झुठो नबोल्ने शीलले सत्यमा दृढ्ढ हुने ,व्यभिचारबाट अलग हुने शीलले काम मिथ्याचारबाट अलग हुने र सुरापान आदि नशालु पदार्थबाट अलग हुने शीलले बेहोसीपूर्ण कार्य हुन नदिने भएबाट पञ्चशीलको पूर्ण पालना सहित सम्पादन हुने कार्य अवश्य जिम्मेवारीपूर्ण नै हुन्छ । तसर्थ जो पञ्चशीलमा तलिन भई स्वच्छ, इमानदार र होशियार हुन्छ उ पक्कै जिम्मेवारी बहन गर्नेमा पर्छ ।

**५. पञ्चशील र सहमति उन्मुख**

कसैमाथि हिंसा नगरी अविरोधी भावना र द्वेष नराख्ने अक्रोध एवं सहनशील प्रकृतिको आचरण तथा मैत्री भावनाले समाजमा द्वण्द्वको अवस्था आउँदैन । नदिएको नलिने, सत्य बोल्ने, सुरापान आदि नशालु पदार्थबाट अलग हुने पञ्चशीलको उपस्थितिले राज्य सञ्चालनमा सहमति उन्मुख वातावरणको सिर्जना हुन्छ ।

**६. पञ्चशील र जवाफदेहिता**

बुद्धकालिन समयमा उत्तरदायित्व नैतिकतामा जोडेको हुन्छ । शीलमा प्रतिबद्ध भई आफ्नो काम कर्तव्यको पालना गर्न उद्दत रहन्छ । वाचिक, कायिक एवं मनबाट कुनै किसिमको अरू प्रति हानि नगर्न शीलले निर्देशन दिएको हुन्छ । त्यसै गरी आफ्नो व्यक्तित्वमा स्वच्छता सहित सदाचार भै काम प्रति इमानदार हुन पञ्चशीलको पालनाले वर्तमान सन्दर्भमा प्रशासनको पातोसँग गांसिएको जवाफदेहिता वा उत्तरदायित्व समेटिएको देखिन्छ ।

**७. पञ्चशील र समता र समावेशीता**

नरिसाउने, खराब इच्छा नहुने, द्वेष तथा अरूप्रति बैरभाव नहुनु जस्ता अकोधको आचरणले सुसम्पन्न हुने र सबै सत्व प्राणी प्रति मैत्री भावना सहितको प्राणी हिंसा नगर्ने तथा सत्य बोल्ने एवं नदिएको नलिने शीलको पक्षले दान तथा करुणाको भावना स्वभाविक रुपले नै बिकाश हुने भएबाट समता र समावेशीतालाई पञ्चशीलले पूर्णता प्रदान गरेको देखिन्छ ।

**८. पञ्चशील र प्रभावकारी तथा निपूणता**

राज्य सञ्चालनमा स्वच्छता एवम् इमानदारिता कायम गरी सबैको हित तथा कल्याण होस भनी अविहिंसा र अविरोधी, राग रहित, सत्यमा बिश्वास रहि निर्भिक तथा शीलबाट परित्यागको भावना उत्पन्न हुने भएबाट राज्यका जिम्मेवार व्यक्तिको राज्य सञ्चालन प्रभावकारी र निपूणताले युक्त हुन्छ । जनताका आवश्यकता तथा समस्याको समाधानलाई प्रभावकारी एवम् निपूणपूर्ण ढंगले समाधान गरेको हुन्छ । राज्यमा पञ्चशीलको पालना भएमा छन्द, द्वेष, भय र मोहको कारणबाट हुनु पर्नेलाई नहुने, गर्नु पर्नेलाई नगर्ने अनि नहुनु पर्नेलाई हुने, नगर्नु पर्नेलाई गर्ने जस्ता चार अगति (छन्द गति, द्वेष गति र भय गति र मोह गति) (बज्राचार्य, (अनु./सम्पा), वि.सं. २०५६) बाट हुने गलत निर्णय तथा कार्यको व्यवहार पूर्णरुपले समाप्त भै राज्यमा सुशासन कायम हुन कुनै बाधा, अवरोध रहन्दैन ।

**बुद्धकालिन समाजमा पञ्चशील र सुशासनको प्रसंग**

बुद्धले तत्कालिन अवस्थामा पनि राज्य सञ्चालनमा राजा तथा कर्मचारीबाट हुने गैरजिम्मेवारीको कारण जनताले पीडा भोग्नु

परेको यथार्थतालाई मध्यनजर राखी सबैको कल्याण होस भनि भरू जातक (१२७) मा कोशल नरेश प्रसेनजितबाट तैर्थिकहरूसँग घुस लिएको प्रकरण, जनसन्ध जातक (४६८) मा कोशल नरेश प्रसेनजित काम रागमा लिप्त हुदा जनताले दु:ख पाएको घटना, राजोवाद जातक(५५१) मा कोशल नरेश प्रसेनजितलाई मुद्दा मामिलामा ठीक ढंगले निर्णयको देशना, राजोवाद जातक(३३४) र तेसकुश जातक(५२१) मा कोशल नरेश प्रसेनजितलाई धर्मानुसार राज्य गर्नेबारे देशनाको कारण सो जातक कथाहरुको देशना गरी पञ्चशीलको पालनाबाट धार्मिक रुपले राज्य संचालन गर्नको लागि उपदेश दिएको थियो।

दुम्मेध जातक (५०)मा ब्रम्हदत्त राजकुमारले राज्यमा सुशासन कायम गर्नको खातिर पञ्चशीलको पालना नगर्ने दूराचारी अपराधीहरुलाई राज्यबाट कठोर सजाय सहित बलि दिने घोषणा गरी तह लगाएको बर्णन उल्लेख छ। (बजाचार्य, (अनु.), वि.सं. २०६८)

कुरु धर्म जातक (२७६)मा कुरु राष्ट्रका राजादेखि दरवारका कर्मचारी समेतले सुक्ष्म रुपले पञ्चशीलको पालना गरेको र शील भङ्ग होला भनी अत्यन्तै सतर्कता अपनाई राज्य संचालन गरी सुव्यवस्था कायम गरेको उल्लेख छ। (बजाचार्य, २०६८)

नन्दिय मिगराज जातक (३५८)मा जंगलका सबै जीवजन्तुलाई राजाबाट अभय प्रदान गराई राजालाई पञ्चशील स्थापित गरी चार अगति नहोस्, दश राजधर्मको विरूद्धमा नगई धर्मपूर्वक न्यायपूर्वक राज्य गर्नु पर्दछ भनी केही समय राजासँगै विताएको घटनाको उल्लेख गरिएको छ। (बजाचार्य, वि.सं. २०६८)

महाहंस जातक (५३४) मा वाराणसी राजाले रानी खेमाको सपनालाई विपनामा परिणत गरिएको कथनको प्रसंगमा चित्रकुटका बोधिसत्व हंस राजा धृतराष्टसंगको वार्तालापमा वाराणसीका राजाले राज्य सञ्चालन विधि तथा अवस्था, जनताको सुख र शान्तिको व्याख्या गरी राष्ट्र उत्पीडन रहित, उपद्रव रहित, जवरजस्ति गर्नु नपर्ने, समतापूर्वक राज्य सञ्चालन भैरहेका, राम्रो मान्छेहरूले सम्मान पाइरहेका, गलत व्यक्तिहरू टाढा नै रहेको, अधर्मलाई छोडेर धर्माचार गरी शीलसहितको दश राजधर्मको पालनाबाट कुनै कसैको अवरोध तथा बिरोधको गुन्जायस नभई सुशासन कायम भएको उल्लेख गरिएको छ। (बजाचार्य, २०६८)

चक्कवति सिहनाद सुत्तमा चक्रवर्ति राजाको शासनमा पञ्चशीलको पालनाबाट धार्मिक रुपले राज्य संचालन भएको उल्लेख गरीएको छ। चक्रवर्र्ती राजा जहां पुग्छ, त्यहाका राजा तथा जनताद्वारा पञ्चशीलको पालना गरी अनुशासन कायम होस भनी राज्य हस्तान्तरण गरेर स्वागत गरिएको उल्लेख छ। राज्यमा अपराधजन्य क्रियाकलापलाई दण्डद्वारा नियन्त्रण गर्न नसकिने तर दानद्वारा उपकार गरेर उचित काममा जनतालाई लगाउनु पर्ने र शीलद्वारा प्रशिक्षित पार्नु पर्दछ भनिएको छ। राज्यमा चक्रवर्ती राजाले गरिवी निवारणलाई प्रमुख स्थान नदिई शील भङ्ग गर्दै गएमा आयु र वर्ण क्रमिक रूपमा घट्दै १० वर्षमा झर्ने अनि त्यस अवस्थामा राज्यमा चरम अपराध, दूराचार बढ्ने उल्लेख गरिएको छ। मानव जीवन र पशुपंछीको जीवनमा केही फरक नहुने र एक अर्का प्रति तिब्र दुर्भावना, तिब्र काटमार, तिब्र व्यापाद (प्रतिहिंसा) तिब्र आधार (क्रोध) गर्ने चितका हुनेछ। आमा–बाबु, भाई–बहिनी, जेष्ठजन जस्ता सबैको मान मर्यादा एवम् नाता समेतको अन्त हुने दारूण चित्रण गरिएको छ। (बज्राचार्य, (अनु./सम्पा), वि.सं. २०५६)

कूटदन्त सुत्तमा प्राणी हिंसा, अन्न/धानको नाश हुने गरी यज्ञ गर्नु भन्दा जनताका लागि रोजगारी सिर्जना, किसानको लागि बिऊ र भात, कर्मचारीको लागि तलवको व्यवस्था गर्न सकेमा देशमा चोरी, डकैती, हिंसा तथा अपराधजन्य क्रियाकलापको निर्मूल भई देशमा जनता तथा राजा दुबैको हित सुख हुने र कुनै डर, त्रास नमानी बच्चाहरूलाई खेलाएर घरका ढोकामा तालापनि लाउनु नपर्ने तथा भयग्रस्त, त्रासमय निर्दयी तथा अपराधजन्य क्रियाकलापबाट ग्रसित राज्यलाई राजाले कसरी शान्तप्रिय, भयरहित सुखी जीवनले भरिपूर्ण आदर्श राज्य निर्माण गर्ने बारेको ज्ञान सहित मानिसको अन्तिम उद्देश्य शीलवान भई चित्तलाई परिशुद्ध, स्वच्छ, निर्मल र क्लेशरहित प्रज्ञामय जीवन नै सुखकर हो भनी उल्लेख गरिएको छ। (बज्राचार्य, (अनु./सम्पा), वि.सं. २०५६) राज्यमा शान्ति सुरक्षा कायम गरी जनताको जिउ धनको सुरक्षा, भय त्रास रहित आनन्द सुखी जीवन जिउनलाई पञ्चशीलको पालनालाई जोड दिईएको छ। अन्यथा खोजी खोजी कानूनी दायरामा ल्याई सजाय दिन्छ। जो कोहि पनि सजायबाट उम्कन सक्दैन भनि सुशासनको लागि प्रत्येक नागरिकले शील पालना गरी नैतिक आचरण कायम गर्नुपर्ने उल्लेख रज्ज सुत्तमा गरिएको छ। (भिक्षु वोधिसेन महास्थविर, वि.सं. २०७२)

यसर्थ वर्तमान आधुनिक युगमा राज्य प्रणालीको सफलता र मानव विकाससँग गांसिएको सुशासनको लागि आजभन्दा २६०० वर्ष अघिको बुद्ध शिक्षाबाट प्राप्त पञ्चशीलको पालनालाई प्रत्येक नागरिकबाट हदयदेखि अंगिकार गर्नुको विकल्प देखिन्दैन।

## निचोड

मानव समाजको विकाससँगै आइपर्ने अनेकौ सकारात्मक तथा नकारात्मक विषयवस्तुमा बुद्ध शिक्षाको अनुशरण गरी

व्यवहारमा उतार्न सकिएमा फलदायी हुने कुरामा दुईमत छैन । राजनैतिक, आर्थिक, सामाजिक, मानसिक विषयवस्तुको साथै व्यक्तिको आचरण तथा नैतिकताको पक्षमा बुद्धद्वारा विभिन्न घटना परिवेशको क्रममा धर्म देशना भएको थियो । मानवको हित तथा मुक्तिको लागि मार्गनिर्देशन भएको बुद्ध शासन वर्तमान परिवेशमा पनि राज्यको सुव्यवस्था कायम गर्न अपनाइने सुशासनको पातोमा उतिक्कै उपयोगी सिद्ध भएको देखिन्छ । व्यक्तिगत चरित्र निर्माणदेखि समाज र राष्ट्रको हर क्षेत्रमा पञ्चशीलले नैतिकता, इमानदारिता, लगनशिलता, त्याग, तपस्या लगायत सबै हितकारी कार्यलाई नै ध्यान दिएको देखिन्छ । आफ्नो व्यक्तिगत स्वार्थपूर्तिको लागि अरूलाई हानी तथा अन्यायपूर्ण व्यवहार देखिंदैन । समाज र राष्ट्रको हर क्षेत्रमा पञ्चशीलको उपयोगिता तथा उपादेयता अझै प्रगाढ रहेको प्रष्ट हुन्छ । यसर्थ वर्तमान आधुनिक युगमा राज्य प्रणालीको सफलता र मानव विकाससँग गांसिएको सुशासनको लागि आज भन्दा २६०० वर्ष अघिको बुद्ध शिक्षाबाट प्राप्त पञ्चशीलको पालनालाई प्रत्येक नागरीकबाट ऱ्हदयदेखि अंगिकार गर्नुको विकल्प देखिन्दैन ।

**निष्कर्ष**

म/मेरो भन्ने राग, द्वेष र मोह नै अपराध, चोरी, हिसा, बलात्कार ठगीको कारक तत्व हुन् । सकिच्च श्रामणेरको प्रसगमा चञ्चल चित र दुराचारी भएर सय वर्ष बाच्नुभन्दा बरू शीलवान र ध्यानी (समथ वा विपश्यना) भएर एक दिन मात्र बाँच्नु नै उत्तम हो । (बज्राचार्य, वि.सं. २०५८, पेज १०१) भनी उल्लेख गरिएको छ । सबै खाले अपराध तथा भ्रष्टाचारजन्य अमानवीय क्रियाकलापलाई निरुत्साहित गरी विकृति र विसंगतिलाई स्थानमा आउन नदिन मानव मात्रले पालना गर्नुपर्ने पञ्चशीललाई मात्र स्थापित गर्न र ग्रहण गर्न सकेमा समाज र राष्ट्रमा नैतिक मूल्य मान्यता सहित सुशासन कायम हुन्छ । तसर्थ शीलको पालनासंगै परित्यागले क्लेशलाई निरोध गर्न प्रेरित गर्दछ । त्यसैगरी क्लेश उन्मुलनको लागि आत्म नियन्त्रण तथा दृद्ध संकल्प हुने तपले विधिको शासनलाई बढावा दिन्छ । तप बिनाको चित चञ्चल र विचलित हुन्छ । चञ्चल र विचलित चितले एकाग्रताको भङ्ग हुन्छ । काय, बचन, मनबाट गरीने कुशल कर्मका लागि चितको एकाग्रताको आवश्यक रहने भएबाट तप बिना सम्यक व्यायाम असम्भव हुन्छ । चित्तको एकाग्रताले नै यथार्त ज्ञान उत्पन्न हुन्छ । (*महर्जन, वि.सं. २०७७, पृष्ठ*, ७३ ) ती प्राप्त ज्ञान नै नैतिक मूल्य मान्यतामा रही इमानदार तथा सुचरित्रमा आधारित भई निवार्ण मार्गमा प्रेरित मार्ग दर्शन भएको अर्थले पञ्चशीलको सान्दर्भिकता, महत्व तथा उपयोगिता महान रहेको यथार्तता नै यस लेखको निष्कर्ष रहेको छ ।

**अनुसूची**

**दश पारमिता :** बोधिसत्व चर्याका दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री, उपेक्षा नै दश पारमिता हुन ।

**दश राजधर्म :** राज्यमा सुशासन तथा सुव्यवस्था कायम गर्न राज्य प्रमुख एवं हर क्षेत्रका नेतृत्व वर्गले पालना गर्नुपर्ने दान, शील, परिचाग, अज्जव, मधव, तप, अक्रोध, अविहिंसा, क्षान्ति र अविरोधी गरी दशवटा अवयवलाई दश राजधर्म भनिन्छ ।

**दश पुण्यक्रिया :** कुशल कार्यद्वारा पुण्य सञ्चय गर्दै सुखी जीवन जिउनलाई पालना गर्नुपर्ने दान दिनु, शील पालना गर्नु, भावना वृद्धि गर्नु, अपचायन (मान्यजन जेष्ठलाई) मान सम्मान गर्नु, वेयावचन (मान्यजनलाई सेवा गर्नु), पतिदान (पुण्य दान दिनु), पतानुमोदन (अरूले दिएको दानलाई अनुमोदन गर्नु), धर्म श्रवण (धर्मको उपदेश दिनु), दिठ्ठी जुकुम (अन्धविश्वास वा मिथ्यादृष्टिलाई हटाउनु) नै पुण्य क्रिया हो

**कुसल कर्म :** मन, बचन र शरीरद्वारा अरूको र आफ्नो पनि हित र सुखको लागि प्राणी हिंसाबाट अलग हुने, नदिएको नलिने जसमा चोरी, ठगी, छलकपट, लुटपाट आदि नगर्नु, व्यभिचारबाट बिरत हुने, झूठो नबोल्ने, चुकली नगर्ने, कडा बचन नबोल्ने, अनावश्यक कुरा नगर्ने, लोभ नगर्ने, व्यापाद (द्वेष) नराख्ने, अविद्या हटाउने वा सम्यक दृष्टि हुनु नै कुसल कर्म हो ।

**सप्त विसुद्धि मार्ग :** विसुद्धि तथा अन्तरयामी ज्ञानका सात चरणहरु जस्तै शील विसुद्धि, चित विसुद्धि, दिठ्ठि विसुद्धि, कंखावितरण विसुद्धि, मग्गामग्ग ञाणदस्सन विसुद्धि, प्रटिपदाञाणदस्सन विसुद्धि र ञाणदस्सन विसुद्धि नै सप्त विसुद्धि मार्ग हुन ।

**आर्य अष्टाङ्ग मार्ग :** चतुरार्य सत्यका दु:खलाई निरोध गर्ने मार्ग जुन सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक बचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि नै आर्य अष्टाङ्ग मार्ग हुन् । जसमध्ये सम्यक बचन, सम्यक कर्म, सम्यक आजीविका शीलभित्र पर्दछन ।

**सप्त आर्यधन :** श्रद्धाधन, शीलधन, ह्रीधन (गलत कार्यमा लाज हुनु ), ओतप्पधन (गलत कार्यमा भय हुनु ), श्रुतधन, त्यागधन र प्रज्ञाधनलाई सप्त आर्यधन भनिन्छ ।

## सन्दर्भ सूची

### पुस्तक


आचार्य भिक्षु कुमार काश्यप (वि.स.२०६०), *दश पारमिता*, सुखी होतु नेपाल।

*गैसस सुशासन स्रोत पुस्तिका* (ई.सं. २०१४), गैसस महासंघ नेपाल।

ज्ञान पूर्णिक, भिक्षु (अनु.) (वि.सं.२०३६), पञ्चशीलया महत्व, ललितपुर: पवित्र बहादुर बज्राचार्य।

बज्राचार्य, कविरकुमार (अनु.) (वि.सं. २०७०), *सुत्तनिपात*, त्रिपिटक ज्ञानकक्षा।

बजाचार्य, दुण्ड बहादुर (अनु.) (वि.सं. २०६८), *जातक*, न्हापांगु भाग, वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (अनु.) (वि.सं. २०६८), *जातक*, निगुगु भाग ललितपुर: वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (अनु.) (वि.सं. २०६८), *जातक*, स्वंगुगु भाग, ललितपुर: वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (अनु.) (वि.सं. २०६८), *जातक*, प्यंगुगु भाग, ललितपुर: वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (अनु.) (वि.सं. २०६८), *जातक*, न्यागुगु भाग, ललितपुर: वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (वि.सं.२०५६) *दीर्घ निकाय*, वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (वि.सं.२०५८), *धम्मपद*, ललितपुर वीर–पूर्ण पुस्तक संग्रहालय।

––– (वि.सं.२०५५), *संयुत्त निकाय*, वीर–पूर्ण पुस्तक संग्रहालय।

वोधिसेन महास्थविर, भिक्षु (अनु.), (वि.सं.२०७२), *अंगतुर निकाय* (चतुक्क र पञ्चक निपात), दोश्रो भाग, काशीमाया मानन्धर, चुन्ति मानन्धर, पूर्ण लक्ष्मी मानन्धर र केशावति मानन्धर।

महर्जन, अनिरुद्ध (वि.सं.२०७७), *सुशासनको लागि दश राजधर्म*, एम.ए., शोधपत्र, लुम्विनी बौद्ध बिश्वबिद्यालय।

शाक्य, केशवमान (वि.सं.२०७६), दश पारमिता, *बुद्ध शिक्षाका आयामहरू*, केश रत्न मानन्धर।


### अंग्रेजीमा लेख तथा कृतिहरु


Barua, Bimal Chandra and Neeru Barua *(*2019). Buddhist Approach to Universal Ethics through Good Governance: A Study on Ten Royal Virtues. *Mindful Leadership for Sustainable Peace:* Honoi Buddhist University Publications.

Kahar, R. and P. Nath (2018). Good Governance: Ethos and Ethics, *Journal of Political Science and Public Affairs*, Volume 6, Issue 4.

Nag, Ninad Shankar (2018). Government, governance and Good Governance. *Indian Journal of Public Administration*: Sage Publication.

Tripathi, Rahul (2017). Good Governance: Origin, Importance and Development in India. *International Journal of Development Research*, Volume 07, Issues 11.

UN (1997). Governance for Sustainable Human Development, an Integrated Paper on the Highlights of Four Regional Consultation Workshops on Governance for Sustainable Human Development. United Nations Digital Library.
https://digitallibrary.un.org/record/3831662?ln=en

UN (*n.d.). What is Good Governance*, UNESCAP Pdf.
https://www.unescap.org/sites/default/files/good-governance.pdf

World Bank *(*1992). *Governance and Development*. World Bank Group eLibrary.
https://elibrary.worldbank.org/doi/abs/10.1596/0-8213-2094-7